


## रोजगार केन्द्र, भर्ती केन्द्रमा सोधपुछका लागि टेलिफोन नम्बरहरू

| | |
|---|---|
| एडमिरल्टी रोजगार केन्द्र | 2591 1318 |
| नर्थ प्वाइन्ट रोजगार केन्द्र | 2114 6868 |
| कोलुन इस्ट रोजगार केन्द्र | 2338 9787 |
| कोलुन वेस्ट रोजगार केन्द्र | 2150 6397 |
| क्वा टोङ रोजगार केन्द्र | 2342 0486 |
| शाटिन रोजगार केन्द्र | 2158 5553 |
| शेंग सुइ रोजगार केन्द्र | 3692 4532 |
| सेन वाङ रोजगार केन्द्र | 2417 6197 |
| टेउन मु रोजगार केन्द्र | 2463 9967 |
| टुङ्ग चुङ्ग रोजगार केन्द्र | 3428 2943 |
| युन लङ्ग रोजगार केन्द्र | 3692 5750 |
| क्याटरिङ उद्योगको भर्ती केन्द्र | 3847 7600 |
| रिटेल उद्योगको भर्ती केन्द्र | 3847 7611 |
| निर्माण उद्योग भर्ती केन्द्र | 3428 3303 |

टेलिफोन रोजगार सेवा हटलाईन

**2969 0888**

अन्तरक्रियात्मक रोजगार सेवा वेवसाइट:

**https://www.jobs.gov.hk**

7/2024

勞工處
Labour Department
(Nepali Version)



# कामको खोजीमा रहेका अल्पसंख्यक जातीयका लागि रोजगार सेवा निर्देशिका










श्रम विभाग (LD) ले रोजगारीको खौजी गरिरहेकाहरूलाई काम पाउन सहयोग गर्नका लागि विस्तृत एवं निःशुल्क रोजगार सैवाहरू उपलब्ध गराउँदछ । हाम्रा सैवाहरू चिनियाँ र अंग्रेजी दुबै भाषाहरुमा सञ्चालन गरिन्छ। यदि तपाईं यीमध्यै कनै पनि भाषा बोल्नुहुन्न भने पनि हामी तपाईंका लागि दोभाषे सेवाहरुको व्यवस्था गर्न सक्छौं।

यदि तपाईं रोजगारीका खोजी गरिरहनुभएको छ भने तपाईंको आवश्यकता सुहाउँदो रोजगार सेवा भेटाउनका लागि यौ निर्देशिका पढ्नुहोस्।

## रोजगार केन्द्रहरू

हामीले यस क्षेत्रमा 11 वर रोजगार केन्द्रहरुको सञ्जाल सञ्चालन गर्छौं । तपाईंलाई यीमध्ये कुनैपनि केन्द्रमा हेर्ने र काम खोज्नका लागि निम्न सुविधाहरुको पयोग गर्न स्वागत छ

- तपाईंको व्यक्तिगत विवरण बनाउन व्यक्तिगत विवरण बनाउने सफ्टवेयर भएको कम्प्युटरहरू
- रोजगारदानालाई तपाईंको व्यक्तिगत विवरण र निवेदन पत्र फ्याक्स वा इमेल गर्न इन्टरनेर कनेक्सन भएको फ्याक्स मेसिन र कम्प्यूटरहरु
- उपयुक्त काम (रोजगारी) खोज्न श्रम विभाग (LD) को बृहत भ्याकेन्सी डाराबेसमा अनलाईन जोडिएको टचस्क्रीन भ्याकेन्सी टर्मिनलहरु (Touch-screen vacancy search terminals)
- रोजगारदाताहरूसँग कामको अनलाईन अन्तर्वार्ता सञ्चालन गर्ने उपकरणहरु





## काम खोजीरहेका अल्पसंख्यक जातीयका लागि निर्धारित रोजगार सेवाहरु

### • काम खोजीरहेका अल्पसंख्यक जातीका लागि विशेष काउन्टर र स्रोत केन्द्र

तपाईंले विशेष काउन्टरमा दर्ता सेवा, श्रम विभागको कामको खोजी, काम सिफारिस सेवा तथा उपलब्ध तालिम र पुनः तालिम अवसरका बारेमा जानकारी जस्ता सेवा र सुविधा प्राप्त गर्न सक्नुहुन्छ । स्रोत केन्द्रमा रोजगारी सम्बन्धी उपयोगी जानकारी स्वः सिकाई सन्दर्भ सामग्रीहरू जस्तैः सन्दर्भ पुस्तक, विभिन्न भाषाका शब्दकोष, काम खोज्ने तरिकाबारेका समाचारपत्र र म्यागजिनहरू र तालिम तथा पुनः तालिम सम्बन्धी जानकारीहरू समेत उपलब्ध छन्।

### • व्यक्तिगत रोजगार परामर्श सेवा र वस्तुत अनुगमन सेवा

तपाईंले तपाईंको रोजगार आवश्यक्ताका बारेमा छलफल गर्न, काम खोज्ने तरिकामा सुधार गर्न, श्रम बजार र तालिम/पुनः तालिमबारे जानकारी प्राप्त गर्न, ख्वा योग्यता मूल्याङ्कन गर्नका लागि रोजगार अधिकृतलाई भेट्न सक्नुहुन्छ। दर्ता भएका जातीय अल्पसंख्यक रोजगार खोजीकर्ताहरुका लागि गहन फलोअप सेवा समेत प्रदान गरिनेछ।

### • रोजगार जानकार

यसले तपाईंलाई अहिलेको श्रम बजारको अवस्थाबारे बुझ्न र रोजगारको अन्तवार्ता तयारीमा सहयोग गर्छ।

### • रोजगार मेलाहरु

रोजगार केन्द्रहरूमा वर्षभरी नै रोजगार मेलाहरुको आयोजना गरिन्छ सहभागी रोजगारदाताहरुले काम खोज्नेहरूसँग त्यहाँ नै स्थलगत अन्तर्वार्ता लिने गर्दछन् । अल्पसंख्यक जातीका लागि उपयुक्त हुने भ्याकेन्सी सहितको समावेशी रोजगार मेला को नियमित प्रबन्ध गरिन्छ भने सोही स्थानमै निःशुल्क दोभाषेको सुविधा पनि उपलब्ध हुन्छ।



### • जातीय विविधता रोजगार कार्यक्रम (RDEP)

RDEP भनेको श्रम विभागले गैर-सरकारी संस्थाहरू (एनजीओ) सँगकोसहकार्यमा जातीय अल्पसंख्यक जागिर खोज्नेहरूलाई केस व्यवस्थापनदृष्टिकोण मार्फत एक-स्टप रोजगार समर्थन सेवाहरू प्रदान गर्न सुरु गरेकोएउटा कार्यक्रम हो, जसबाट तिनीहरूको रोजगारी बढाउन र क्यारियरविकासलाई समर्थन गर्न सकिन्छ।





## रोजगार कार्यक्रमहरु

काम खोज्ने योग्य उमेदवारहरुले निम्न रोजगार कार्यक्रमहरुमा आवद्ध हुन छनोट गर्न सक्नेछन्:

### • काम परीक्षण योजना

यो योजनाले एक महिना (30दिन) का लागि सहभागी संस्थाहरूमा वास्तविक काम गनर्का लागि सहभागीहरूलाई कामको परीक्षणको व्यवस्था गर्छ। राम्रो कार्य सम्पादनसहित परीक्षण अवधी पूरा गरेका सहभागीलाई रोजगारी दिन सहभागी संस्थाहरूलाई प्रोत्साहित गरिन्छ ।

### • वृद्ध तथा मध्यम उमेर वर्गका लागि रोजगार कार्यक्रम

कार्यक्रम अन्तर्गत 40 वर्ष वा सोभन्दा माथि उमेरका बेरोजगार वृद्ध वा मध्यम उमेरका जागिर खोज्नेहरूलाई संलग्न गर्ने रोजगारदाताहरुले उनीहरूलाई मेन्टर नियुक्त गर्नेछन् र उनीहरूलाई काममा तालिम प्रदान गर्नेछन्। यसले सहभागीहरूलाई नयाँ कार्य वातावरणमा अनुकूलन गर्न र आवश्यक काम-विशेष सीपहरू प्राप्त गर्न मद्दत गर्नेछ। कार्यक्रम अन्तर्गत कुनै पूर्व दर्ता आवश्यक छैन।

### • पुन: रोजगार भत्ता पायलट योजना

यो योजनाले हङकङमा लगातार तीन महिना वा सोभन्दा बढी समयदेखि तलब रोजगारीमा नपरेका 40 वर्ष वा सोभन्दा माथिका वृद्ध र मध्यम उमेरका व्यक्तिहरूलाई लक्षित गर्छ। लगातार छ महिना काम गरेका सहभागीहरूले $10,000 को अधिकतम भत्ता प्राप्त गर्नेछन् जबकि लगातार 12 महिना काम गरेकाहरूले $10,000 को अतिरिक्त अधिकतम भत्ता प्राप्त गर्नेछन्।

## क्याटरिङ उद्योगका लागि भर्ती केन्द्र, रिटेल उद्योगका लागि भर्ती केन्द्र र निर्माण उद्योग भर्ती केन्द

भर्ती केन्द्रहरूमा रोजगार मेला वर्षभरी आयोजना भइरहन्छ। यदि तपाईं क्याटरिङ, रटिल वा निर्माण उद्योगमा रोजगारका लागि इच्छुक हुनुहुन्छ भने तपाईंले रोजगार केन्द्रहरुको एलडीको अन्तरक्रियात्मक रोजगार सेवा (iES) वेबसाइट वा द्वश्वस् मोबाइल एपबाट समेत पछिल्लो रोजगार मेलाको जानकारी प्राप्त गर्न सक्नुहुन्छ। त्यहाँ तपाईंले भर्ती गर्ने रोजगारदातासँग स्थलगत (अन द स्पट) अन्तवार्ताका लागि रोजगार केन्द्रसँग सम्पर्क गर्न सक्नुहुन्छ ।

## उच्च शिक्षा रोजगारमा समर्पित वेबपेज

उच्च शिक्षा हासिल गरेका र रोजगारीको खोजिगरिरहेकाहरुले स्थानिय रोजगार बजारका बारेमा ताजा जानकारी तथा उपयुक्त रोजगारीका अवसरहरुका बारेमा "उच्च शिक्षा रोजगारमा समर्पित वेबपेज" को वेबसाइट (https://www.jobs.gov.hk/0/en/jobseeker/hee/) बाट प्राप्त गर्न सक्दछन् ।

## टेलिफोन रोजगार सेवा

यदि तपाई पहिले नै हाम्रो रोजगारी के न्द्रहरुमा वा द्वश्वस् वेबसाइटमा रोजगार सेवाका लागि दर्ता गरिसक्नुभएको छ भने, हाम्रो के न्द्रहरुमा जानुको सट्टा तपाईंले रोजगार सेवा हटलाईन 2969 0888 मा कल गरी कामको सिफारिस प्राप्त गर्न सक्नु हुन्छ । आवश्यक परेमा हामी निःशुल्क टेलिफोन दोभाषे सेवाहरुको पनि व्यवस्था गर्न सक्छौं ।

## रोजगार सेवाका अन्तरक्रियात्मक वेबसाइट र मोबाइल एप

रोजगारीके। खोजी गरिरहेका जातीय अल्पसंख्यकका लागि रोजगारीका नविनतम विज्ञापनहरु हेर्न, हाम्रो रोजगार सेवाका लागि दर्ता गर्न, रोजगार सल्लाह सेवामा निवेदन दिन र भर्ती कृयाकलापमा सबैभन्दा अद्यावधिक खवर प्राप्त गनर्का लागि तपाईंले श्रम विभागका iES वेबसाइट (https://jobs.gov.hk/EM) मा हेर्न सक्नुहुन्छ । तपाईंले आफ्नो स्मार्टफोन वा मोबाइलमा जुनसकै समयमा जहाँ पनि उपयुक्त भ्याकेन्सीहरु हेर्नका लागि द्वश्वस् मोबाइल एप समेत डाउनलोड गर्न सक्नुहुनेछ ।